# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ३२ ❖ २०८२ फागुन २७ गते बुधबार ❖ Wednesday, 11 March, 2026 ❖ मूल्य रू. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


## चितवनको तीन वटै क्षेत्रमा
# रास्वपाको 'क्लिन स्वीप'
### सभापति रवि लामिछानेको ह्याट्रिक


हरि ढकाल


रवि लामिछाने


सोविता गौतम

भरतपुर। प्रतिनिधिसभा सदस्यअन्तर्गत चितवनका तीनवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवारहरू निर्वाचित भएका छन्। भर्खरै सम्पन्न निर्वाचनमा चितवनका पुराना राजनीतिक दलहरुलाई रास्वपाले नराम्रोसँग झट्का दिएको हो।

चितवनकै तीनवटै निर्वाचन क्षेत्रमा 'क्लिन स्वीप' गरेको रास्वपाले पुराना दलका उम्मेदवारहरुलाई जमानत जोगाउने मौका पनि दिएन। एमाले र कांग्रेसकै केही उम्मेदवारहरुको मनोनयन दर्ता गर्दा राखेको जमानतसमेत जफत भएको छ। रास्वपाका तीनै जना उम्मेदवार ५० हजारभन्दा बढी मतका साथ निर्वाचित भएका हुन्।

चितवन निर्वाचन क्षेत्र नं १ मा रास्वपाका उम्मेदवार हरि ढकाल ५८ हजार २०८ मतका साथ निर्वाचित भए। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका राजेन्द्रप्रसाद बुर्लाकोटीले १३ हजार ३३ मत प्राप्त गरे। नेकपा एमालेका उम्मेदवार दावादोर्जे लामाले १० हजार ८९९, नेपाली कम्युनिष्ट पार्टीका कृष्णराज पन्तले चार हजार ८१ र राष्ट्रिय प्रजातन्त्र पार्टीका बलराम शर्मा खनालले दुई हजार ३०२ मत पाए।

(बाँकी ५ पेजमा)

## फलफूल बजारमा ११० जनाको स्वास्थ्य चेकजाँच
### ❖ ४४ जनाले गरे रक्तदान ❖ नारी दिवसमा उद्घोषण तालिम









- **विना तामाङ**

भरतपुर। महानगर फलफूल तथा तरकारी बजारको प्राङ्गणमा ११० जनाले स्वास्थ्यलाभ तथा ४४ जनाले रक्तदान गरेका छन्।

सिद्धि विनायक बचत तथा ऋण सहकारी संस्था लि. (साकोस), कृषि प्रबर्धन बजार विकास प्रा.लि. र फलफूल तथा तरकारी थोक व्यवसायी संघको संयुक्त रुपमा आयोजित 'निःशुल्क स्वास्थ्य शिविर तथा खुल्ला रक्तदान'मा सोमबार उनीहरुले स्वास्थ्य लाभ तथा ४४ जनाले रक्तदान गरेका हुन्।

चितवन जिल्लामा दिनानुदिन बढ्दो रगतको मागलाई थोरै भए पनि कम गर्ने उद्देश्य अनुसार उक्त कार्यक्रम गरिएको सिद्धि विनायक साकोस र कृषि प्रबर्धन बजार विकास प्रालिद्वय संस्थाका अध्यक्ष तथा कार्यक्रमका सभापति थिरप्रसाद धितालले जानकारी दिए।

धितालका अनुसार

(बाँकी ५ पेजमा)

## ३३ उमेदवारले कटाएनन् सय मत

भरतपुर। प्रतिनिधिसभा सदस्य निर्वाचनमा चितवनका तीन वटा क्षेत्रबाट प्रत्यक्षतर्फ उम्मेदवारी दिएका ६४ उम्मेदवारमध्ये ३३ जना उम्मेदवारले एकसय मत पनि ल्याउन सकेका छैनन्।

चितवन क्षेत्र नं १ मा १८ जना, २ मा २३ जना र ३ मा २३ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए। चितवन-१ मा नौ जना, चितवन-२ मा ११ जना र चितवन-३ मा १३ जनाले सय मत कटाउन सकेनन्।

चितवन क्षेत्र नं. १ मा रास्वपाका हरि ढकाल ५८ हजार २०८ मतका साथ निर्वाचित भए। राष्ट्रिय जनमोर्चाकी सीतादेवी क्षेत्रीले ९१, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का गणेशबहादुर श्रेष्ठले ८७, प्रगतिशील लोकतान्त्रिक पार्टीका विकास कामीले ७६, नेपाल मजदुर किसान पार्टीका अर्जुन प्रजाले ६०, नेसनल रिपब्लिक नेपालका ईश्वरी गुरूङले २४, स्वतन्त्र उम्मेदवार हरिप्रसाद रेग्मीले २०, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)का दुर्गादत्त अर्यालले १८, जनता समाजवादी पार्टी नेपालका अजय ठाकुर हजामले १६ र स्वतन्त्र उम्मेदवार शौरव

(बाँकी ५ पेजमा)

## चितवन-२ मा २१ उमेदवारको जमानत जफत

भरतपुर। चितवन-२ बाट रवि लामिछाने ३९ हजार ८३८ मतान्तरले विजयी भएका छन्। पूर्वगृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति लामिछानेले ५४ हजार ४०२ मत प्राप्त गर्दै तेस्रापटक विजयी भएका हुन्।

रविलाई पछ्याएकी नेपाली काङ्ग्रेसकी मीनाकुमारी खरेल जम्मा १४ हजार ५६४ मतमा खुम्चिएकी छन्। घण्टी चुनाव चिन्हबाट लामिछाने र रुख चुनाव चिन्हबाट मैदानमा रहेका खरेलबीचको मतान्तरमात्रै ३९ हजार ८३८ छ।

विशेष परिस्थितिले पूर्वनिर्धारित समयअगावै भएको निर्वाचनमा तेस्रो स्थानमा रहेका नेकपा एमाले (सूर्य)का अस्मिन घिमिरे जम्मा ६ हजार ९९२ र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का प्रताप गुरूङ (तारा) ४ हजार ९६३ मतमा सीमित हुन पुगे।

यो निर्वाचन क्षेत्रमा ६७ हजार ८५७ पुरूष, ६९ हजार २९४ महिला र एक अन्य गरी १ लाख ३७ हजार १५२ मतदाता रहेकामा ८७ हजार २८ मत खसेको थियो। त्यसमध्ये २ हजार ७९६ मत बदर भएको थियो। त्यसमध्ये निर्वाचित भएका रवि लामिछानेसँग फराकिलो मतान्तर भए पनि काङ्ग्रेसकी मीनाकुमारी खरेलले जमानत जोगाएकी छन्। तर, त्यसबाहेकका बाँकी २१ जना उमेदवारले जमानत जोगाउन समेत सकेनन्।

कुल सदर मतको १० प्रतिशत मत कटाउन नसकेपछि ठूला दल भनिएका एमालेका अस्मिन घिमिरे, नेकपाका प्रताप गुरूङसहित २१ जना उमेदवारको जमानत जफत भएको हो। पाँचौं स्थानमा रहेका श्रम संस्कृति पार्टीबाट अञ्जुलीमा माटो चिन्हबाट उमेदवार बनेका मिलन थापामगरले ७५१ मत प्राप्त गर्दा

(बाँकी ५ पेजमा)

## 'मात्तिएर होइन सुझबुझ तरिकाले जान्छौं'

भरतपुर। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा चितवन निर्वाचन क्षेत्र नम्बर २ का सांसद् रवि लामिछानेले आफूहरूले नागरिक समक्ष गरेका वाचालाई पालना गरेर अगाडि बढ्ने बताएका छन्।

चितवन क्षेत्र नम्बर २ बाट ५४ हजार ४०२ मत ल्याएर विजयी भएका लामिछानेले निर्वाचन कार्यालयबाट प्रमाणपत्र लिएरपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै इतिहासले नै आफूहरुलाई ठूलो जिम्मेबारी प्रदान गरेकोले आगामी

(बाँकी ५ पेजमा)







## सुत्केरी स्वास्थ्यमा ध्यान दिऔं ।

- ❖ गर्भावस्थामा कम्तीमा ८ पटक स्वास्थ्य जाँच गराऔं ।
- ❖ स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं ।
- ❖ गर्भवती महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं ।
- ❖ बच्चा जन्मने बित्तिकै बिगौती दुध खुवाऔं ।
- ❖ ६ महिनासम्म आमाको दुध मात्र खुवाऔं ।
- ❖ बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं ।
- ❖ राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

### जनादेशको सम्मान गर

नेपालको हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनले स्थापित राजनीतिक मान्यतालाई चुनौती दिएको छ। मिश्रित निर्वाचन प्रणालीबाट कुनै दलले एकल बहुमत ल्याउन सक्दैन भन्ने धारणा लामो समयसम्म प्रचलित थियो। तर, रास्वपाले झण्डै दुई तिहाइ नजिकको शक्ति हासिल गर्दै त्यो मान्यतालाई खण्डन मात्र गरेन, नयाँ राजनीतिक यथार्थ पनि निर्माण गर्‍यो। पुराना दलहरूको भ्रष्टाचार, अपारदर्शिता र जनसेवामा असफलताले जनताको विश्वास क्षीण भएको थियो। विसं २०७९ को निर्वाचनले चेतावनी दिएको थियो भने भदौ २३-२४ को विद्रोहले आक्रोशलाई अझै तीव्र बनायो। दलहरूले आत्मसमीक्षा गर्नुभन्दा विद्रोहलाई अपराधीकरण गरे, विदेशी षड्यन्त्रको कथा बुने। यही गल्तीले जनतालाई नयाँ विकल्पतर्फ धकेल्यो। रास्वपाले यो रिक्ततालाई भरेर जनताको मौन क्रान्तिलाई संस्थागत गर्‍यो।

नेपालको राजनीतिक इतिहासमा हरेक आन्दोलनपछि आन्दोलनकारी शक्तिलाई जनताले सत्ता सञ्चालनको अधिकार सुम्पिएको पायनछ। विसं २००७ सालपछि कांग्रेस, विसं २०४६ पश्चात् फेरि कांग्रेस र विसं २०६४ मा माओवादीलाई जनताले विश्वास गरेका थिए। तर, ती दलहरूले जनादेशको सम्मान नगर्दा जनताको विश्वास गुमाए। यसपटक पनि जनताले विद्रोहलाई संस्थागत गर्ने शक्ति खोजेका थिए, रास्वपाले त्यो अवसरलाई अधिकतम उपयोग गर्‍यो। रास्वपाले बालेन्द्र शाहलाई अगाडि सार्दै नयाँ पुस्ताको आकांक्षालाई सम्बोधन गर्‍यो। सुशासन र समृद्धिको सन्देशले जनतालाई आकर्षित गर्‍यो। यसले देखाउँछ कि जनताले केवल विरोधका लागि होइन, वैकल्पिक नेतृत्वको खोजीमा मत दिएका हुन्।

नयाँ जनादेशपश्चात् एउटा सवाल उठेको छ- के रास्वपा विगतका दलहरूभन्दा फरक साबित हुन सक्छ ? जनताले दिएको जनादेश केवल सत्ता प्राप्तिको लागि होइन, सुशासन, समृद्धि र राजनीतिक स्थिरताको लागि हो। प्रजातन्त्र स्थापना भएदेखि कुनै पनि सरकार पूर्ण कार्यकाल टिक्न सकेको दृष्टान्त छैन। यदि रास्वपाले विगतका गल्तीबाट पाठ सिक्दै एकताबद्ध भएर जनताको अपेक्षा पूरा गर्न सक्यो भने यो जनादेश ऐतिहासिक उपलब्धि बन्नेछ। जनादेशको सम्मान गर्नु लोकतन्त्रको आधार हो। जनताले दिएको विश्वासलाई इमानदारीपूर्वक पूरा गर्नु नै दलहरूको पहिलो जिम्मेवारी हो। रास्वपाले यो अवसरलाई केवल विजयको उत्सवमा सीमित नगरी सुशासन र स्थिरताको मार्गमा अघि बढाउन सके मात्र जनताको मौन क्रान्ति साँचो अर्थमा सफल हुने विश्वास गर्न सकिन्छ।

# नेपाली राजनीतिमा 'बालेन मेनिया'



दृष्टिकोण

- शेषराज भट्टराई

सन् १९६० को दशक, इङ्गल्यान्डको लिभरपुल सहरबाट चार युवा-जोन लेनन, पल म्याककार्टनी, जर्ज ह्यारिसन र रिङ्गो स्टार-एकसाथ उभिए र 'द बिटल्स' बनाए। सन् १९६२ मा सार्वजनिक भएको ' लभ मी डु' गीतसँगै बिटल्सको युफोरिया सुरु भयो। केही वर्षमै उनीहरूले संसारभरका युवाहरूको सोच र भावनालाई झकझक्याइदिए। बिटल्सले विश्वलाई एउटा नयाँ सङ्गीत समूह त दियो नै, सँगसँगै एउटा विशाल सामाजिक लहर पनि जन्माइदियो, जसलाई संसारले ' बिटलमेनिया' को नामले बुझ्न थाले।

आजको जेन जी जस्तो, १९६० को दशकमा बिटल्स वरिपरि 'बेबी बुमर' पुस्ता थियो। त्यतिखेर 'बिटलमेनिया' युवाहरूको स्वतन्त्रताको चाहना र पुरानो व्यवस्थाप्रतिको अस्वीकार थियो। बिटल्सको कन्सर्टमा युवाहरू कराउँथे, रुन्थे र बेहोस हुन्थे। त्यो समयसम्म कुनै कलाकारले यस्तो प्रभाव जमाएको थिएन। बिटल्सका गीतहरूले प्रेमका कुरा मात्र गरेनन्; समाज, युद्ध, शान्ति र मानवीय स्वतन्त्रताका प्रश्न उठाए। विशेषतः जोन लेननको दार्शनिक चेतनाले युद्ध, हिंसा र पाखण्डविरुद्ध जुन प्रकारको 'काउन्टर-कल्चर' निर्माण गर्‍यो, त्यसले युवाहरूलाई सत्ता र संस्थागत नियन्त्रणमाथि प्रश्न गर्ने साहस र बौद्धिक आधार प्रदान गर्‍यो।

एमटिभी कल्चरको उदयभन्दा थोरै अघि नै बिटल्सले सङ्गीतको इतिहासमा 'सेलिब्रेटी' र 'आइकन' बीचको सीमारेखा मेटाइदिएका थिए। उनीहरू कलाकार मात्र रहेनन्, उनीहरू एउटा 'सेकुलर गड' का रूपमा पुजिन थाले। आजको आधुनिक 'फ्यानडम' संस्कृति, जहाँ अनुयायीहरू आफ्नो आदर्शका लागि जुनसुकै हदसम्म जान तयार हुन्छन्, त्यसको वास्तविक जग त्यही 'बिटलमेनिया' नै थियो।

आज नेपालको राजनीतिक ल्यान्डस्केपमा ठ्याक्कै त्यस्तै एक 'सोसियो-पोलिटिकल फेनोमेनन' देखापरेको छ, जसलाई धेरैले नेपाली भर्सनको 'बालेन मेनिया' भनेर व्याख्या गरिरहेका छन्। नेपाली समाजले पहिले पनि लोकप्रिय नेता देखिसकेको छ, तर देशभर एउटै व्यक्तिले राजनीतिक विमर्शको भाषा, विचार र प्राथमिकता नै बदल्ने अवस्था भने पहिलोपटक देख्दैछ। र, काठमाडौंका पूर्व मेयर बालेन शाह अहिले नेपाली राजनीतिका त्यही 'सेन्टर स्टेज' मा छन्।

नेपाली राजनीतिको परम्परागत ग्रामर र 'पावर डायनामिक्स' बुझ्नेहरूका लागि काठमाडौंको 'मेयर' छोडेर झापा-५ को मैदान रोज्ने बालेन शाहको निर्णय पहिलो दृष्टिमा 'इन्टेलेक्चुअल सुसाइड' जस्तो देखिन सक्छ। केही विश्लेषकहरू यसलाई पपुलिस्टिक लहर मान्छन्, जहाँ सामाजिक सञ्जालको शक्ति र मिडियाको प्रभावले लोकप्रियता सिर्जना गरेको बुझाइ छ।

तर, यसलाई सूक्ष्म ढङ्गले डिकोड गर्ने हो भने यो परम्परागत राजनीतिमाथि गरिएको एउटा 'सर्जिकल स्ट्राइक' जस्तो देखिन्छ। स्वयं केपी शर्मा ओलीले बालेनको झापा-५ मा देखिएको सक्रियतालाई रवि लामिछानेको ' उक्साहट' भनेर व्याख्या गर्नु आफैँमा एउटा राजनीतिक स्वीकारोक्ति हो। यसको अर्थ के हो भने-नेकपा एमालेजस्तो दशकौँदेखि सत्ता, सङ्गठन र न्यारेटिभमा जरा गाडेर बसेको पार्टी बालेनको उपस्थितिलाई सामान्य घटना ठानिरहेको छैन। बरु, एमालेले यसलाई आफ्नो सुरक्षित किल्लामाथि परेको अप्रत्याशित आक्रमणका रूपमा बुझेको छ। परम्परागत राजनीतिक शक्तिहरू प्रायः 'उपेक्षा' को रणनीति अपनाउँछन्, तर जब यी पार्टीहरू सार्वजनिक रूपमा प्रतिक्रिया दिन बाध्य हुन्छन्, त्यो नै असहजता र भयको प्रमाण हो। स्वयं केपी शर्मा ओलीले बालेनको झापा-५ को उपस्थितिलाई रवि लामिछानेको ' उक्साहट' भनी टिप्पणी गर्नुले त्यही पुष्टि गर्छ।



**जब स्थापित शक्ति उपेक्षाको रणनीति छोडेर सार्वजनिक रूपमा प्रतिक्रिया दिन बाध्य हुन्छन्, तब बुझ्नुपर्छ- राजनीतिको भुइँतहमा ठुलो परकम्प गइरहेको छ।**

बालेनको 'झापा-५' चयन आफैँमा 'मेटाफोरिक' मात्र होइन, संरचनागत रूपमा पनि अत्यन्तै अर्थपूर्ण छ। यो क्षेत्र लामो समयदेखि नेकपा एमालेको ' कोर फोर्ट्रेस' हो, जहाँ सङ्गठन, कम्युनिष्ट इतिहास र ओलीको पहिचान एक-अर्कामा गाँसिएका छन्। यस्तो ठाउँमा गएर उम्मेदवारी दिनु राजनीतिक मनोविज्ञानलाई चुनौती दिनु हो। यही कारणले गर्दा यो कदम बालेनको 'कोर टिम' ले गरेको एउटा अत्यन्तै हाइ-रिस्क तर हाइ-इम्प्याक्ट मुभ देखिन्छ। यदि बालेन शाह, धेरैले 'पोलिटिकल डेथ ट्र्याप' ठानेको यो झापा-५ को निर्वाचनमा सफल भए भने, त्यो नेपाली इतिहासको एउटा निर्णायक ' प्याराडाइम सिफ्ट' मात्र हुने छैन, बरु यसले दक्षिण एसियाकै राजनीतिमा एउटा नयाँ मानक स्थापित गर्नेछ। यस कदममार्फत बालेनले एउटा राजनीतिक 'न्यु अर्डर' स्थापना गरिदिएका छन्।

राष्ट्रको मर्यादाक्रममा दशौँ स्थानको सुविधायुक्त 'कम्फर्ट जोन' त्यागेर बालेन शाहले झापा-५ रोज्नु एउटा 'स्ट्राटेजिक डिपार्चर' हो। यो कदमको गहिराइ बुझ्न भदौ २३/२४ को 'जेनजी' विद्रोह र त्यसपछिको 'भ्याकुम' लाई विश्लेषण गर्नु अनिवार्य हुन्छ। जेन-जी विद्रोहबाट जन्मिएको प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालको सरकारसँग एउटा ऐतिहासिक अवसर थियो-राज्यलाई नैतिक रूपमा पुनःस्थापित गर्ने अवसर। जब राष्ट्रले न्यायको विश्वसनीय 'इकोसिस्टम' निर्माण गर्न असफल हुन्छ, तब राजनीतिमा ' हिस्टोरिकल इम्परेटिभ' को उदय हुन्छ। बालेन शाहको टिमले यही सूक्ष्म तर निर्णायक बिन्दु बुझिसकेका थिए-काठमाडौंको 'सेफ जोन' भित्र बसेर एउटा सुविधायुक्त मेयरको भूमिकामा खुम्चिनु अब बालेनको लागि विकल्प होइन। त्यसकारण स्थापित शक्तिको 'इपिसेन्टर' मानिने केपी शर्मा ओलीको राजनीतिक उपस्थितिलाई उनकै गढमा चुनौती दिनु बालेनका लागि एउटा 'मेटा-पोलिटिकल' दायित्व बनिदियो। यो कदमले झापा-५ लाई अब एउटा निर्वाचन क्षेत्रमा मात्र सीमित राखेको छैन, बरु यसलाई 'भोट फर चेन्ज' शक्तिहरूको एउटा 'कलेक्टिभ डिफेन्स' को मैदान बनाएको छ र निर्वाचनमा बालेन 'जेनजी' आन्दोलनको एउटा 'मेटाफोरिकल सिम्बोल' बनेका छन्।

बुबा बितेको एक महिना पनि नपुग्दै बालेन शाहले काठमाडौंको मेयर पदबाट राजीनामा दिनु, त्यसपछि जनकपुर पुगेर राष्ट्रिय एकताको सन्देशसहित सम्बोधन गर्नु, र अन्ततः झापा-५ बाट उम्मेदवारी घोषणा गर्नु-यी घटनाहरूलाई अलग-अलग हेर्नु बालेन शाहको ' लिडरसिप अप्टिक्स' लाई नबुझ्नु हो। यी त बालेन टिमको एउटा वृहत् रणनीतिका पाटा हुन्, जसले उनलाई काठमाडौंको पूर्व मेयरको अवतारबाट निकालेर एउटा 'ट्रान्स-जिओग्राफिकल लिडर' का रूपमा स्थापित गरिदिएको छ।

जनकपुरको ऐतिहासिक भूमिमा बालेन शाहले मैथिली भाषामा गरेको सम्बोधन विशेष थियो; त्यो मधेसको 'साइकोलोजिकल वाल' भत्काउने सचेत 'इमोसनल इन्जिनियरिङ' थियो। यही पृष्ठभूमिमा, बालेनले आफू प्रधानमन्त्री बन्ने सहमति भइसकेपछिको पहिलो चुनावी सभालाई मैथिली भाषामा सम्बोधन गर्नु 'सिम्बोलिक' थियो। बालेनले, मधेसी सभ्यताको भाषा, भाव र मर्यादा नै राष्ट्रिय राजनीतिका वैध र केन्द्रीय अङ्ग हुन् भन्ने मान्यता सार्वजनिक रूपमा स्थापित गरिदिए। बालेनको 'अप्टिक्स' ले मधेसलाई नेपाली राष्ट्रियताको 'पेरिफेरी' बाट निकालेर 'कोर' मा उभ्याइदिएको छ। प्रदेश सरकार अझ बलियो हुनुपर्छ भन्ने उनको वकालतले मधेसको ' आइडेन्टिटी पोलिटिक्स' लाई अब ' डिग्निटिटी पोलिटिक्स' ले विस्थापित गरेको छ। यही नै बालेन शाहको ' प्यान-नेपाल लिडर' स्वीकार्यताको मूल कारण बनिदियो।

झापा-५ मा बालेनको उपस्थितिलाई जनताले खुलेर स्वागत गरेका छन्, उनलाई प्रत्यक्ष देख्न र सुन्न चाहनेहरूको भीड छ, सामाजिक सञ्जालमा उनका हरेक गतिविधि 'रियल टाइम' मा निगरानी भइरहेका छन्, विदेशमा रहेका नेपालीहरू समेत उनका दैनिक चुनावी गतिविधि के छन् भनेर चासोका साथ पछ्याइरहेका छन्। तर यही मुख्यधारको राजनीतिक ट्र्याजेक्टोरीभित्र गहिरा जटिलताहरू पनि समानान्तर रूपमा विकसित भइरहेका छन्; किनभने यही बिन्दुमा आएर बालेनको सम्भावित रास्वपा प्रवेश वा सहकार्य एउटा 'ग्रे एरिया' मा पनि उभिन्छ।

गएको निर्वाचनमा रवि लामिछाने र बालेन शाहले सङ्घीयताको विरोध जनाउँदै प्रदेशसभामा मतदान नगर्ने निर्णय गर्दा रास्वपाको वैचारिक दिशा स्पष्ट नभएको प्रश्न उठेको थियो। बालेन शाहको जनकपुर भाषणमा प्रदेश सरकारको पक्षमा देखाइएको समर्थन त्यही 'ड्यामेज कन्ट्रोल' हो कि राष्ट्रिय स्वतन्त्र पार्टीको भविष्य रणनीतिक विमर्शको हिस्सा? समयले बताउला!

विशेषगरी राजतन्त्र र धर्मनिरपेक्षताजस्ता 'पोलराइजिङ' विषयमा बालेनको मौनतालाई धेरैले फरक-फरक नजरले हेर्ने गरेका छन्। इतिहासले सिकाएको एउटा कठोर सत्य के हो भने, 'करिश्मा' ले आन्दोलन त जन्माउँछ, तर 'संस्था' ले मात्र त्यसलाई बचाउँछ। बालेनको अगाडि उभिएको सबैभन्दा ठूलो प्रश्न यही हो। यतिखेर बालेनलाई मन पराउने धेरैले खोजेको कुरा के हो भने-राज्यको आधारभूत संरचनात्मक ढाँचा, शासकीय स्वरूप र जटिल भू-राजनीतिक सन्तुलनका विषयको एक 'ब्लु-प्रिन्ट'। बालेनका लागि अबको अग्निपरीक्षा भनेको आफ्नो लोकप्रियताको 'सफ्ट पावर' लाई एउटा 'इन्स्टिच्युसनल लेग्यासी' मा रूपान्तरण गर्नु हो। उनले बुझ्नुपर्छ कि 'पपुलिजम' एउटा शक्तिशाली स्टार्टर त हुन सक्छ, तर यो राज्य चलाउने इन्धन बन्न सक्दैन।

जबसम्म कुनै विचार स्पष्ट राजनीतिक दर्शनमा रूपान्तरण हुँदैन, तबसम्म त्यो व्यक्तिमा मात्र सीमित हुन्छ। बालेन र रास्वपाजस्ता शक्तिहरूका लागि यो चुनौती झन् पेचिलो छ। के बालेनको 'सांस्कृतिक मध्यमार्ग' ले संविधानवाद, सङ्घीयता र शक्ति पृथकीकरणको आधुनिक लोकतान्त्रिक फ्रेमवर्कमा आफूलाई फिट गर्न सक्छन्? वा यो एउटा ' पपुलिजमको लहर' मात्र बनेर रहनेछ?

यदि यी प्रश्नहरूको उत्तर स्पष्ट र सार्वजनिक रूपमा दिइयो भने, यो सहकार्य नेपाली राजनीतिमा साँच्चै नयाँ अध्याय हुन सक्छ। तर यदि अस्पष्टता नै रणनीति बनिरह्यो भने, यो 'नयाँ राजनीति' पनि पुरानै रोग-सुविधाजनक मौनता-को अर्को संस्करण बन्ने खतरा बोकेर हिँड्नेछ।

# 'नयाँ सरकारले निराशालाई आशामा बदल्नुपर्छ'

भरतपुर। प्रतिनिधिसभा निर्वाचन २०८२ को मतपरिणाम अन्तिम चरणमा पुग्दै गर्दा युवा पुस्ता उत्साहित बनेका छन्। उनीहरुले अब बन्ने स्थिर सरकारले रोजगारी सिर्जना र सुशासन दिनेमा ढुक्क छन्। जेनजी आन्दोलनपछि भएको आम निर्वाचनले दिएको परिणामलाई युवाहरुले सकारात्मक रुपमा लिएका छन्।

भरतपुर महानगरपालिका-१० निवासी पृथ्वी धिताल अहिलेको परिवर्तन देशका लागि भएको बताउँछन्। युवा पुस्ताका लागि रोजगारी र सुशासन नै महत्त्वपूर्ण रहेको उनले बताए। उनले भने, 'अहिले भएको निर्वाचनको परिणामले युवा पुस्तालाई सम्बोधन गर्छ।' यदि त्यसो हुन नसके फेरि अर्को विद्रोह नहोला भनेर भन्न नसकिने उनको भनाइ छ। उनले भने, 'जेनजी आन्दोलन पछिको निर्वाचनले देशवासीलाई विश्वस्त बनाउनुपर्ने छ।' अहिले देशमा सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रण र युवालाई रोजगारीको वातारवरण सिर्जना गर्न अवश्यक रहेको उनले बताए।

प्युठानबाट उपचारका लागि बिरामी लिएर चितवन आएका प्रेम श्रेष्ठ अब बन्ने सरकारले परिवर्तन गर्न आवश्यक रहेको बताउँछन्। उनका अनुसार शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा काम गर्न सकेन भने अहिलेको परिवर्तनसमेत खेरा जाने चिन्ता उनमा छ। जेनजी आन्दोलन पछि बन्न लागेको सरकारमा जनताको अपेक्षा पूरा गर्न सक्ने क्षमता हुन आवश्यक रहेको उनले बताए।

भरतपुर महानगरपालिका-२ क्षेत्रपुर निवासी प्रवास पराजुली अब सुशासनको प्रत्याभूति हुन आवश्यक रहेको बताउँछन्। 'अब बन्ने सरकारले भ्रष्ट्राचार नियन्त्रण र सुशासनको पक्षमा कसरी काम गर्छ भन्ने हेर्ने समय आएको छ', उनले भने, 'वैदेशिक रोजगारीमा रहेका युवालाई स्वदेश फर्काउने र नेपालका उद्योग कल कारखाना सञ्चालन गरेर रोजगारी सिर्जना गर्दै देशको आर्थिक समृद्धिमा लाग्न आवश्यक छ।'

भरतपुर महानगरपालिका-१४ निवासी रचना दाहाल अहिलेको परिवर्तनलाई कमजोर सोच्न नहुने बताउँछिन्। उनले भनिन्, 'यो परिवर्तनलाई कमजोर सोच्ने हो भने फेरि अर्को विद्रोह हुनसक्छ। यो परिवर्तनलाई आत्मसाथ गर्दै देश र जनताको पक्षमा काम गर्न अब बन्ने सरकार लाग्नुपर्छ।' जनताले परिवर्तनको पक्षमा देखाएको मत खेर जान दिने छूट कसैमा नभएको भन्दै उनले भ्रष्ट्राचार नियन्त्रण, स्वास्थ्य, शिक्षा र रोजगारीलाई मूल मर्म मान्न आग्रह गरिन्।

युवाहरुले अब बन्ने सरकारले पाएको मत अनुसार देशलाई अगाडि बढाउनेमा ढुक्क छन्। अन्य दलहरुले सरकारलाई निगरानीमा राखेर काम गर्न दिनुपर्नेमा उनीहरुको जोड छ।

शिक्षा र रोजगारीका लागि युवा शक्ति विदेश जानबाट रोकेर यही पढ्ने र काम गर्ने वातावरण सरकारले सिर्जना गर्नुपर्नेमा धेरैको जोड छ। सरोकारवाला निकायसँग छलफल गरी जनताको निराशालाई आशामा बदल्न उनीहरुले सुझाएका छन्।

# बुर्लाकोटीको पराजयमा ह्याट्रिक

खैरहनी। विगत पाँच दशकदेखि समाजसेवा र निष्ठाको राजनीति गर्दै आएका र कुनै पनि लाभको पद नलिएका चितवन क्षेत्र नं १ का कांग्रेस उमेदवार राजेन्द्रप्रसाद बुर्लाकोटीले हारमा ह्याट्रिक गरेका छन्।

राप्ती-८ मा स्थायी बसोबास गर्ने बुर्लाकोटीले जनप्रतिनिधिले भन्दा बढी काम एकल प्रयासबाट गर्दै आएका छन्। उनले स्वास्थ्यचौकीका लागि भूमिदान गरे, राप्तीवासीलाई खानेपानी दिलाए, कोखदेखि शोकसम्म उनले गरेका सामाजिक फेहरिस्त निकै लामो छ। २०७० र २०७४ मा दुईपटक सुरेन्द्र पाण्डेसँग चुनाव हारेका उनको यो तेस्रो प्रयास थियो। बदलिएको कांग्रेसबाट टिकट पाएका उनलाई यसपटक मतदाताले न्याय गर्ने अपेक्षा थियो। न पैसा कमाउने ध्यय थियो, न परिवार पाल्ने दायित्व। बाँकी जीवन पनि सांसद् बनेर समाजको विकास गर्ने उनको एकमात्र इच्छा थियो। तर, निर्वाचन परिणाम उल्टो आइदियो।

भुवानीशङ्कर बहुमुखी क्याम्पसको मतगणना स्थलमा भारी मतले विजयी भएका रास्वपाका उमेदवार हरि ढकालसँग चिया पसलमा जम्काभेट हुँदा उनले भने, 'राप्ती-८ मा मेरा नातापाता नै दुई सय बढी छन्। तर, यही वडाबाट मलाई दुई सय मत आयो।' जबकि सो वडामा ढकालको १७ सय बढी मत आयो।

उनले ढकालसँग भने, 'मेरो वडामा जुन मत तपाईंलाई आयो त्यो तपाईंको अनुहार हेरेर आएको होइन, घण्टीलाई आएको हो। देशभर घण्टीको लहर आयो, त्यही लहरले तपाईंलाई जितायो।'

यसपटक बुर्लाकोटीले ४० हजार मत आउने आकलन गरेका थिए। राप्तीका १३, खैरहनीका १३ र रत्ननगरका १६ वडा गरी यस क्षेत्रमा ४२ वटा रहेका छन्। स्थानीय तहको निर्वाचनमा खैरहनी र रत्ननगरमा कांग्रेसकै मेयरले जितेका थिए भने राप्तीमा उपमेयरले जितेका थिए। बुर्लाकोटीले राप्ती र खैरहनीका सबै वडाहरुमा घरदैलोमा पुगेका थिए। घरदैलोमा पुग्दा मतदाता निकै उत्साहित थिए। चुनावी ऱ्यालीका क्रममा देखिएको बढ्दो आकर्षण र यसैक्रममा पार्टी प्रवेश गर्ने युवाहरुको लहरले यसपटक चुनाव जित्ने माहोल बढेको थियो।

तर, निर्वाचन कार्यक्रम सम्पन्न गरी मौन अवधि सुरू हुँदा मतदाताले बुर्लाकोटीलाई मत दिने वाचा बिर्सिए। उनीहरु घण्टी लहरमै लागे। फलस्वरुप यसपटक पनि नसोचेको हार उनले बेहोर्नुपऱ्यो।

हारमा ह्याट्रिक गरे पनि बुर्लाकोटीले भने बिश्राम नलिने बताएका छन्। उनी भन्छन्, 'मतदाताले पटकपटक हराए पनि पार्टी छोड्दिनँ। पार्टीले समीक्षा गर्ला, के-कति कारणले हारियो त्यसको गम्भीर समीक्षा होला।' उनले पार्टीमा अझै सक्रियतापूर्वक लाग्ने प्रतिबद्धता गरेका छन्।

घण्टीबाट चुनाव लडेको भए जित्नुहुन्थ्यो त ? भन्ने प्रश्नमा उनी भन्छन्, 'किन नजित्ने नि, अहिले त यस्तो भयो कि घण्टी चुनाव चिह्न लिएर उठ्ने जोकोहीले पनि सजिलै जित्ने बेला रहेछ।' मतदातालाई के भन्नुहुन्छ भन्ने प्रश्नमा उनी भन्छन्, 'मैले मतदातालाई केही दोष दिन चाहन्न, यति बेला देशभर नै घण्टीको माहोल छ, अहिले त घण्टी झुन्डाइदिए हुने बेला रहेछ। घण्टीको घानमा परियो।'

हुन पनि देशभर चुनावी नतिजाले यही देखाएको छ। भर्खरै मात्र राजनीतिमा आएकाले हेभीवेट उमेदवारलाई हराएका छन्।


# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा


# स्वास्थ्य/खेलकुद



# बिहानै उठेर स्याउ खानुका ११ फाइदाहरु

काठमाडौं। मानिसहरुले आफूलाई स्वस्थ्य राख्नको लागि बिभिन्न खानेकुरा, शारीरिक कसरत लगाएत बिभिन्न उपायहरु अपनाउने गर्दछन्।

खानामा बिभिन्न प्रकारका पोषण तत्वहरु पनि पाईन्छ। जसका कारण मानिसलाई स्वस्थ राख्न ठूलो सहयोग पुगि रहेको हुन्छ। फलफूलले पनि मानीसलाई आवश्यक पर्ने पौष्टीक तत्व पूरा गर्दछ।

तर हामीले जहिल्यै खाइराख्ने स्याउको बारेमा हामी कतिपयलाई जानकारी नहोला। आज हामी स्याउका बारेमा फाइदाजनक जानकारीहरु तपाईलाई दिनेछौं।

१.पत्थरीबाट बचाउँछ

स्याउ खानाले मृगौलामा हुने पत्थरीबाट बँच्न सकिन्छ। यदि तपाईलाई पत्थरी भईसकेको छ र तपाई प्रतिदिन स्याउ खानुहुन्छ भने तपाईलाई पत्थरीको कारण हुने दुखाई कम हुन्छ।



२. कब्जियतको समस्यामा कमी

यदि तपाईमा कब्जियत वा ग्यास्ट्रिकको समस्या छ भने स्याउको सेवन तपाईको लागि फाइदाजनक सावित हुन्छ।

स्याउमा पाईने फाइबरले पेटको कब्जलाई बिस्तारै बिस्तारै कम गर्दछ। स्याउको मुरब्बा पनि कब्जियत रोगीको लागि लाभकारी हुन्छ।

३. दाँतलाई स्वस्थ राख्छ

स्याउमा फाइबर हुन्छ, जसले दाँतलाई स्वस्थ राख्न मद्दत गर्दछ। स्याउको सेवनले ब्याक्टेरिया र भाइरसलाई नष्ट पार्दछ भने स्याउको खाँदा तपाईको दाँत पायरिया रहित हुन्छ।

४. अल्जाइमरबाट बचाउँछ

स्याउको सेवनले मानिसको मस्तिष्कसँग जोडिएको खतरनाक रोग अल्जाइमर बाट बचाउँछ। प्रतिदिन स्याउको जूस पिउँदा अल्जाइमरको समस्याबाट जीवनभरि बँच्न सकिन्छ।

स्याउले मस्तिष्कको कोशिकाको रक्षा पनि गर्दछ। जसले अल्जाइमर हुने खतरा एकदम कम हुन्छ।

५. दम रोगीका लागि राम्रो

स्याउ वा स्याउको जूसको सेवन गर्नु दम रोगीको लागि निकै फाइदाजनक हुन्छ। स्याउले दमको आक्रमणलाई रोक्न प्रभावकारी हुन्छ।

स्याउमा पाईने फ्लेभोनोइड्स फोक्सोलाई शक्तिशाली बनाउदछ। जो मानिस प्रतिदिन स्याउको जूस पिउँछ, उसलाई फोक्सोसँग सम्बन्धित रोगहरू निकै कम हुन्छन्।

६. पाचन प्रणाली दुरुस्त राख्छ

स्याउमा पाईने अल्कालिनिटी कलेजोलाई शरीरको शोधनमा मद्दत गर्छ। साथै स्याउको सेवनले शरीरमा रहेको पीएच को स्तरलाई पनि नियन्त्रित गर्छ। जसबाट व्यक्तिको पाचन प्रणाली दुरुस्त हुन्छ।

७. कोलेस्ट्रोल कम गर्दछ

बदलिँदो जीवनशैलीमा कोलेस्ट्रोल बढ्नुको समस्याका कारण कम उमेरका बच्चाहरु पनि मुटु रोगको शिकार बनिरहेका छन्। स्याउ खाँदा या स्याउको जूस पिउँदा बढ्दो कोलेस्ट्रोलको मात्रालाई रोक्न सकिन्छ।

८. सुन्दरता बढाउँछ

स्याउको सेवनले तपाईको अनुहारमा हुने कालो र सेतो धब्बा कम हुन्छ। जसको कारणले तपाई आकर्षक देखिन थाल्नुहुन्छ।

९. मधुमेहलाई नियन्त्रित गर्छ

स्याउको सेवनले शरीरमा टाइप २ मधूमेहको खतरालाई कम गर्दछ। यसमा पाईने तत्वले शरीरमा ग्लूकोजको कमीलाई पुरा गर्दछ।

१०. हड्डीलाई बलियो बनाउँछ

स्याउमा पाईने क्याल्शियमका कारण प्रतिदिन स्याउको सेवन गर्दा वा स्याउको जूस पिउँदा हड्डी बलियो हुन्छ।

११. मोटोपन कम गर्छ

स्याउमा पाईने फाइबर मोटोपनलाई कम गर्नका लागि सहायक बन्न सक्दछ, जसबाट व्यक्ति खतरनाक रोगहरूको चपेटमा कम पर्दछ। साथै स्याउमा पाईने पौष्टिक तत्वले शरीरलाई ऊर्जा दिन्छ।

# निर्वाचनमा चर्चा कमाएको गीत 'घण्टी टिनिनिनी'

भरतपुर। २०७४ सालमा 'मै पनि एमाले, सै पनि एमाले' बोलको गीत आयो, जुन गीतले नेकपा एमाले पार्टीलाई चुनावी प्रचारप्रसारमा सबैभन्दा ठूलो भूमिका खेल्यो। एकनारायण भण्डारीको शब्द, सङ्गीत तथा बद्री पंगेनी र प्रिया भण्डारीको आवाजमा रहेको 'मै पनि एमाले, सै पनि एमाले' बोलको गीतले अन्य दलको जस्तोसुकै बलियो गीत आए पनि पछाडि पारिदियो।

त्यसपछि गायक बद्री पंगेनीले एमालेका कार्यकर्ता भनेरै आरोप खेप्नुपऱ्यो। उनले अहिलेसम्म पनि त्यो आरोप खेपिरहेकै छन्। कलाकार भएका नाताले जस्तोसुकै गीत पनि गाउन सकिने भनेर प्रस्टीकरण दिँदै आए पनि उनीमाथि लागेको एमालेको आरोप अहिलेसम्म छ।

२०७४ सालको चुनाव ताका निस्किएको उक्त गीत आठ वर्षसम्ममा ६८ लाख ८९ हजारभन्दा बढीले युट्युब प्लेटफर्ममा हेरेका छन्। अरु बेला सेलाए पनि निर्वाचनमा यो गीतले बजार तताउने गरेको छ। त्यसपछि २०७९ सालको निर्वाचन ताका सुजन लम्सालको शब्द, सङ्गीतमा बद्री पंगेनी, पूर्णकला विसी, राम्जी खाँण, राजु गुरूङ, कुलेन्द्र विश्वकर्मा, सुनिता बुढा क्षेत्री, भिमु गुरूङलगायतका कलाकारको संयुक्त आवाजमा अर्को गीत आयो, 'मेरो देशै एमाले, म त यसै एमाले', बोलको गीत आयो।

उक्त गीतको युट्युबमा अहिलेसम्म करिब १६ लाख दर्शकले हेरिसकेका छन्। तर, राजनीतिक वृत्तमा गीत-सङ्गीत सम्झिने हो भने चर्चा अहिलेम्म बद्री र प्रियाकै आवाजको हुने गरेको छ। कांग्रेस, माओवादी, राप्रपालगायतका धेरै दलहरुमा गीत-सङ्गीतको प्रभाव राम्रैसँग पऱ्यो। तर, बद्री र प्रियाको आवाजलाई छोपिने खालको गीत-सङ्गीत आउन सकेन।

तर, रवि लामिछानेले राजनीतिक यात्रा थालेपछिको संसदीय निर्वाचनदेखि भने राजनीतिक दलसम्बन्धी गीत-सङ्गीतको बाढी नै चलेको देखिन्छ। बालेन्द्र साह (बालेन) काठमाडौंको मेयर पदमा निर्वाचित भइसकेपछि धेरै कलाकारहरुले बालेन र रविलाई जोडेर थुप्रै गीत-सङ्गीत तयार गरेका छन्। अहिले युट्युबमा खोज्ने हो भने सबैभन्दा धेरै गीत-सङ्गीत नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तथा रवि र बालेन जोडेर बनाइएका गीत छापछापती भेटिन्छन्।

यति हुँदा पनि यसपटकको निर्वाचनमा भने गायक रविन लामिछानेको शब्द तथा सूर्य खड्काको सङ्गीतमा रहेको 'घण्टी टिनिनिनी' बोलको गीतले लोकप्रियता पाएको देखिन्छ। २०७९ सालको निर्वाचनअघि नै आइसकेको गीतले यसपटकको निर्वाचनमा राम्रो प्रभाव पार्न सफल भएको छ। परदेशी गायकको परिचय बनाएका सूर्य खड्का र सुनिता बुढा क्षेत्रीको आवाजमा रहेको उक्त गीतको चर्चाले यसपटकको निर्वाचनमा एमालेलक्षित 'सै पनि एमाले' बोलको गीतलाई पछाडि राखिदियो।

रास्वपाको अस्वाभाविक लहर आउँदै गर्दा निर्वाचनको प्रचारप्रसारदेखि रास्वपाका उमेदवारले जितेपछिको खुसीयालीमा समेत यही गीत बज्ने गर्थ्यो। गएको तीन वर्षमा २० लाख ८५ हजारभन्दा बढी दर्शकले हेरिसकेको उक्त गीत नै रास्वपाका धेरैजसो उमेदवारका लागि चुनाव जित्न सहज वातावरण बन्यो।

समग्र दलगत गीत-सङ्गीतबाहेक उमेदवारकेन्द्रित गीत-सङ्गीत पनि नआएका भने होइनन्। तर, त्यस्ता गीत-सङ्गीत अर्को निर्वाचनसम्म पनि टिक्दैन। किनकि त्यही उमेदवार अर्को निर्वाचनमा उमेदवार नहुन पनि सक्छन्। तसर्थ, दलगत गीत-सङ्गीतले भने कालान्तरसम्म पनि प्रभाव जमाएको देखिन्छ।

गीत-सङ्गीतमा बद्री पंगेनीको गीतलाई उनीभन्दा पछिल्लो पुस्ताका गायक सूर्य खड्काको गीतले उछिन्दा राजनीतिमा पनि पछिल्लो पुस्ता नै बलियो भएर उदाएको छ।

# २६ वर्षीय खनालको संसदीय यात्रा

नवलपरासी। नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं-२ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मनिष खनाल युवा पुस्ताको प्रतिनिधि राजनीतिक नेतृत्वका रूपमा चर्चाको आएका छन्।



२६ वर्षकै उमेरमा संघीय संसद् पुग्न सफल भएका खनाललाई नयाँ पुस्ताको आकांक्षा र वैकल्पिक राजनीतिक सोच बोकेको अनुहारका रूपमा हेरिएको छ। मध्यविन्दु नगरपालिका-६, टाँडी निवासी खनालको जन्म २०५६ असार ११ गते भएको हो। विद्यालय तहसम्मको अध्ययन स्थानीयस्तरमै सम्पन्न गरी उच्च शिक्षाका लागि काठमाडौँ पुगेका खनालले नेपाल ल क्याम्पसबाट कानुन विषयमा स्नातक गरेका छन्।

कानुन अध्यायनकै क्रममा उनले देशको राजनीतिक अवस्थाबारे नजिकबाट बुझ्ने अवसर पाएको बताए। पुराना राजनीतिक दलको अभ्यासप्रति असन्तुष्टि व्यक्त गर्दै वैकल्पिक राजनीतिक शक्ति आवश्यक ठानेपछि उनी तत्कालीन विवेकशील साझा पार्टीमा आबद्ध बने।

विसं २०७६ मा जनकपुरमा सम्पन्न विवेकशील नेपाली दलको महाधिवेशनबाट खनाल २० वर्षकै उमेरमा केन्द्रीय सदस्य निर्वाचित भएका थिए। जसले उनलाई राष्ट्रिय राजनीतिमा उदाउँदो युवा नेतृत्वका रूपमा चिनाएको थियो।

काठमाडौँ बसाइँका क्रममा उनले माइतीघर मण्डल केन्द्रित विभिन्न आन्दोलन, नागरिक अभियान तथा सरकारको खबरदारी कार्यक्रममा सक्रिय सहभागिता जनाएका थिए। पछिल्लो समय 'जेनजी' आन्दोलन र युवा केन्द्रित नागरिक अभियन्ताको रूपमा पनि उनको संलग्नता देखिएको थियो।

राजनीतिक सक्रियताका साथै खनालले संसदीय अभ्यासको अनुभव पनि बटुलेका थिए। उनले रास्वपाका सांसद असिम शाहको स्वकीय सचिवका रूपमा कार्यरत रहँदै संसद् र नीति निर्माण प्रक्रियाबारे व्यावहारिक अनुभव हासिल गरेका थिए। यसपटकको प्रतिनिधि सभा निर्वाचनमा रास्वपाबाट उम्मेदवार बनेपछि उनको चर्चा झन् बढेको थियो।

कानुनको विद्यार्थी भएकाले जनताका जायज मागलाई संसद्मार्फत उठाउने र कानुन निर्माण प्रक्रियामा सक्रिय भूमिका खेल्ने लक्ष्यसहित राजनीतिमा आएको नव निर्वाचित खनालले बताए। युवा पुस्ताको आवाज, पारदर्शीता, जबाफदेहिता र सुशासनलाई प्राथमिकतामा राखेर काम गर्ने उनको प्रतिबद्धता रहेको छ। स्थानीय र प्रदेश सरकारसँग समन्वय गर्दै नीतिगत रूपमा समाधान गर्नुपर्ने विषयमा अध्ययन अनुसन्धानसहित अघि बढ्ने योजना रहेको उनले बताए।

गाउँबाट अध्ययन सुरू गरी राष्ट्रिय राजनीतिसम्मको यात्रा तय गरेका खनाललाई नवलपरासी( बर्दघाट सुस्तापूर्व)-२ का मतदाताले युवा पुस्ताको भरोसा र परिवर्तनको अपेक्षासहित संघीय संसद्मा पठाएका छन्। निर्वाचन परिणामअनुसार खनालले नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार तिलबहादुर महतलाई २५ हजार ५९२ मतान्तरले पराजित गर्दै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए। महत उक्त क्षेत्रमा लगातार तेस्रो पटक उम्मेदवार रहेका थिए।

त्यसैगरी नेपाली कांग्रेसका उम्मेदवार ओमबहादुर घर्तीले १४ हजार ७१३ मत तथा नेपाल कम्युनिष्ट पार्टीका गणेशमान महतोले एक हजार ५३८ मत प्राप्त गरेका थिए।

# देवघाटमा देखियो घडियाल गोही

गैंडाकोट। गैंडाकोटको देवघाट क्षेत्रमा घडियाल गोही देखा परेको छ। केही वर्षअघिसम्म देवघाट क्षेत्रमा गोहीको चर्चा हुने गरेको भए पनि पछिल्ला वर्षमा दुर्लभ रूपमा देखिने गरेको थियो।

चितवन राष्ट्रिय निकुञ्जका पूर्वसहायक संरक्षण अधिकृत स्वर्गीय वेदबहादुर खड्काले निकुञ्जमा कार्यरत रहँदा देवघाट नजिकको नारायणी र कालीगण्डकी किनार घडियाल गोहीका लागि उपयुक्त बासस्थान रहेको बताए। प्रदूषण बढ्दै गएपछि यो क्षेत्रमा घडियाल गोही देख्न छाडिएको उनले बताए।

निकुञ्जका सहायक संरक्षण अधिकृत एवम् सूचना अधिकारी अविनास थापा मगरले घडियाल गोही बगेको सफा पानीमा बस्ने, माछा खाने प्राणीका रूपमा रहेको बताए। नदी र खोलामा भएको प्रदूषण, मानवीय अतिक्रमण र माछाको कमीले घडियाल हराउँदै गएका उनको बुझाइ छ।

स्थानीय बोटे समुदायका अनुसार देवघाट र वरपरको क्षेत्रमा करिब ३५ वर्षयतादेखि घडियाल गोही देखिन छोडेको थियो। निकुञ्जका सूचना अधिकारी मगरले भने, "यहाँका ज्येष्ठ नागरिकका भनाइअनुसार झण्डै ३५ वर्षयतादेखि देवघाट क्षेत्रमा घडियाल देखिएको थिएन। अहिले देखिएको गोही यहाँको रैथाने हो वा अन्यत्रबाट आएको हो अध्ययन गर्नुपर्ने छ।"

घडियाल संरक्षणका लागि चितवन राष्ट्रिय निकुञ्जको कसरामा प्रजनन केन्द्र रहेको छ। जहाँ राप्ती र नारायणी नदी किनारमा जोखिममा रहेका गुँडबाट अण्डा सङ्कलन गरी यहाँ ल्याएर बच्चा हुर्काउने गरिन्छ। हुर्किएका बच्चालाई पुनः नदीहरूमा छाड्ने गरिएको छ। विगतमा कालीगण्डकीमा समेत हुर्किएका घडियाल गोही छाडिँदै आउने भए पनि संरक्षण हुन नसकेपछि निकुञ्ज आसपासका राप्ती र नारायणी नदीमा मात्रै छोड्ने गरिएको थापा मगरले बताए।

पछिल्लो पटक गत पुसमा सार्वजनिक भएको गणना अनुसार राप्तीमा २३१ र नारायणीमा १३५ घडियाल गोही फेला परेका छन्। देवघाट क्षेत्रमा गोही नदेखिने भएकाले पछिल्ला वर्षहरूमा गणना हुन छाडेको मगरले बताए। देवघाटमा गोही देखिनुलाई महत्वका साथ हेरिएको भन्दै उनले यसबारे थप अध्ययन गरिने जानकारी दिए।

# स्कुटरले साइकललाई ठक्कर दिँदा तीन जना घाइते

रत्ननगर। रत्ननगर नगरपालिका वडा नं-४, देबौलीस्थित भित्री सडकखण्डमा स्कुटरले साइकललाई ठक्कर दिँदा तीन जना घाइते भएका छन्।

सौराहा चोकबाट चित्रसारीतर्फ जाँदै गरेको बागमती प्रदेश ०६-०१ प १२६८ नम्बरको स्कुटरले विपरीत दिशातर्फ आउँदै गरेको साइकललाई ठक्कर दिँदा रत्ननगर-१ बस्ने ६१ वर्षीय खडवा महतो, साइकलपछाडि सवार रत्ननगर-४ बस्ने ९० वर्षीय लालसिंह महतो र स्कुटर चालक रत्ननगर-१० बस्ने १८ वर्षीय समराज श्रेष्ठ घाइते भएका हुन्।

साइकलमा सवार दुई घाइतेको पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको र स्कुटर चालकको बकुलहर रत्ननगर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

## फिल्म/मनोरञ्जन

# रेखाको "माया भनेकै यस्तो होला"को छायांकन सुरु

काठमाडौं। अभिनेत्री रेखा थापाको निर्देशनमा बन्न लागेको फिल्म 'माया भनेकै यस्तो होला'को छायांकन सुरु गरिएको छ। महाशिवरात्रीको अवसर पारेर फागुन ३ गते निर्माण घोषणा गरिएको यो फिल्मको सोमबार काठमाडौंको शिवपुरीस्थित रोयल ट्र्युलिप नेशनल पार्कमा पहिलो दृश्य खिचियो। फिल्मका लागि पहिलो शट नीति शाह र दिल श्रेष्ठले दिएका छन्।






यो फिल्मबाट रेखा ८ वर्षपछि निर्देशनमा फर्किएकी हुन्। यसअघि उनले 'हिम्मतवाली' र 'मालिका' निर्देशन गरेकी थिइन्। यी दुवै फिल्ममा उनको मुख्य भूमिका समेत रहेको थियो। तर, यसपटक उनी अभिनयमा नभइ पूर्ण रूपमा निर्देशनमा केन्द्रित रहनेछिन्। उनले फिल्ममा नेपाली समाजमा घटेका घटनालाई प्रस्तुत गरिने बताएकी छन्।

'दिया एण्ड अमु फिल्मस्'को ब्यानरमा निर्माण हुने यस फिल्ममा नयाँ र पुराना पुस्ताका कलाकारहरूलाई समेटिएको छ। नीति र दिलसहित फिल्ममा मदनकृष्ण श्रेष्ठ, लक्ष्मी गिरी, राजाराम पौडेल, विशाल पहारी, सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ, संगम भण्डारी, सुजाता श्रेष्ठ, विनोद पौडेल लगायतका कलाकारहरूको अभिनय रहनेछ। पत्रकार ध्रुव लम्सालले फिल्मको स्क्रिप्ट तयार पारेका हुन्।

हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ निर्माता रहेको फिल्ममा सुदीप बराल छायांकन तथा प्रशान्त सिवाकोटीको संगीत रहनेछ। यसमा रंग पत्रकार राजन घिमिरे को-अर्डिनेटरको रूपमा छन्। फिल्मले प्रेमकथाको माध्यमबाट सामाजिक भावना र परिवेशलाई उठान गर्ने बताइएको छ। फिल्मलाई आगामी तीजमा प्रदर्शन गर्ने लक्ष्य राखिएको छ।

# प्रियंकाको "टाँक" युट्युबमा रिलिज

रास्वपा समर्थकको निशानामा किन परे हमाल ?

काठमाडौं। बिहीबार भएको प्रतिनिधि सभा निर्वाचनको मतपरिणाम सार्वजनिक भइरहँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले देशभर अनपेक्षित नतिजा ल्याइरहेको छ। नयाँ शक्तिको रूपमा उदाएको रास्वपाले पुराना राजनीतिक शक्तिहरूलाई धक्का दिइरहँदा सोही पार्टी लक्षित एक अभिव्यक्तिका कारण अभिनेता राजेश हमाल भने विवादमा तानिएका छन्।



के थियो हमालको अभिव्यक्ति ?

निर्वाचनको पूर्वसन्ध्यामा हमालले एक भिडियो सन्देशमार्फत राजनीतिक परिपक्वता भएका पुराना दलहरूको धमिलिएको छवि र नयाँ शक्तिको राजनीतिक दूरदर्शिता स्पष्ट नभइसकेकाले मतदाताका लागि छनोट कठीन रहेको बताएका थिए। उनले भदौ २३ र २४ गतेका घटनाबीच सम्बन्ध थियो वा थिएन भन्ने विषय अझै स्पष्ट नभएको पनि उल्लेख गरेका थिए।

उनले भिडियोमा भनेका थिए, 'भोट गर्दै गर्दा हामीमाझ चुनौती नै रहनेछ। किनभने, पुराना र राजनीतिक परिपक्वता भएका राजनीतिक दलहरूको धमिलिएको छवि र नयाँ शक्ति भनाउँदाहरूको राजनीतिक अपरिपक्वता र दूरदर्शिता खासै छर्लङ्गका साथ नेपाली जनतामाझ आइसकेको छैन। यो अवस्थामा चुनाव हुँदैछ। यसैले मतदाताका लागि छनोट सजिलो छैन।'

हमालले आफ्नो सन्देशमा पुराना पार्टीलाई 'राजनीतिक रूपमा परिपक्व'को संज्ञा दिएर नयाँ शक्तिलाई 'अपरिपक्व' र 'भनाउँदाहरू' भनेकोप्रति सामाजिक सञ्जालमा धेरैले आपत्ति जनाएका छन्। त्यसलाई कतिपयले रास्वपामाथिको प्रहारका रूपमा लिएका छन्। उनले नयाँ पुस्ताको परिवर्तनको चाहनालाई अपमान गरेको आरोप समेत लागेको छ।

रास्वपा समर्थकहरूले सामाजिक सञ्जालमा हमाललाई 'पुराना दलको एजेन्ट' र 'परिवर्तन विरोधी' भएको भन्दै टिप्पणी गरिरहेका छन्। धेरैले उनलाई 'आउटडेटेड कलाकार'को संज्ञा समेत दिएका छन्। यद्यपि, हमालले आफ्नो विरोध र आलोचनाबारे हालसम्म कुनै स्पष्टीकरण दिएका छैनन्। आफ्नो अभिव्यक्तिका कारण उनी विवादमा तानिएको सम्भवतः यो पहिलो पटक हो।

Cell: 9845067414
B. & B. Media Network
[P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

## मात्तिएर हैन...

दिनमा सम्हालिएर नआत्तिकन अगाडि बढ्ने बताए।

सभापति लामिछानेले नागरिकका आम अपेक्षाका बारेमा आफू जानकार रहेको भन्दै सबैलाई समेटेर अगाडि जाने बताए।

उनले जनताको अपेक्षा-अनुसार काम गर्न नसके आफूहरूको अवस्था पनि अहिलेका केही दलहरूको जस्तो हुनेमा सचेत रहेको बताए।

'आगामी बाटो सजिलो छैन, तर असम्भव पनि छैन, मात्तिएर, आत्तिएर हैन सम्हालिएर सुझबुझ तरिकाले जान्छौँ,' सभापति लामिछानेले भने, 'फरक मत राख्नेहरुलाई पनि सम्मान गर्छौं, कसैलाई पनि खेद्ने काम गर्दैनौं।'

## ३३ उमेदवारले ...

कँडेलले नौ मत पाए।

चितवन क्षेत्र नं २ मा रास्वपा सभापति रवि लामिछाने ५४ हजार ४०२ मतका साथ निर्वाचित भए। प्रगतिशील लोकतान्त्रिक पार्टीका प्रकाशबहादुर पाण्डेले ५८, नेपाल मजदुर किसान पार्टीका शोभा वासुकलाले ३२, नेसनल रिपब्लिक नेपालका शक्तिराज गुरूङले २३, जनता समाजवादी पार्टी नेपालका कमानसिंह गुरूङले २२, आम जनता पार्टीकी देवीकुमारी मगरले १६ र नागरिक उन्मुक्ति पार्टी नेपालका सुवास महतोले १३ मत पाए। स्वतन्त्र उम्मेदवार कृष्णप्रसाद चापागाईले १२, शंकुप्रसाद जैसीले १२, रवि कुमालले पाँच, प्रवीन सापकोटाले चार र प्रतापसिंह तमाङले तीन मत पाए।

चितवन क्षेत्र नं ३ मा रास्वपाकी सोबिता गौतम ५९ हजार २७७ मत ल्याएर निर्वाचित भइन्। जनता समाजवादी पार्टी नेपालका थमनसिंह सुनारले ७, नेपाल मजदुर किसान पार्टीकी बद्रीलक्ष्मी कँवाले ८, राष्ट्रिय जनमोर्चाका कृष्णबहादुर केसीले ६२, मंगोल नेसनल अर्गनाइजेसनका टेकबहादुर तामाङले ९३, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) का जितबहादुर विकले २९, राष्ट्रिय नागरिक पार्टीका विजन गुरूङले १२, नेसनल रिपब्लिक नेपालकी सेतीमाया तमाङले २७, नागरिक उन्मुक्ति पार्टी नेपालकी हरिमाया महतोले १८, स्वतन्त्र उम्मेदवार कृष्णप्रसाद अधिकारीले ४, पार्वती पौडेल काफ्लेले ७, मधुमाया अधिकारीले १७, रञ्जना पौडेलले ८५ र रोलबहादुर गुरूङले पाँच मत पाएका छन्।

## फलफूल ...

शेयर सदस्यहरुको स्वास्थ्य, मानविय सेवाभाव तथा सामाजिक उत्तरदायित्व वहन गर्दै तीन वटा संस्थाले कलेज अफ मेडिकल साइसेन्सको सहजीकरणमा उक्त कार्यक्रम गरिएको हो।

सो अवसरमा उनीहरुको उच्च रक्तचाप, मधुमेह तथा मुटुको इसिजी परीक्षण समेत गरिएको थियो।

कार्यक्रममा चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष विद्या कोइराला प्रमुख अतिथि तथा विशिष्ट अतिथि उद्योग वाणिज्य संघ चितवनका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओली लगायतले शुभकामना मन्तव्य दिए।

सिद्धि विनायक साकोसका कोषाध्यक्ष रामप्रसाद घिमिरेको संयोजकत्व रहेको कार्यक्रममा व्यवस्थापक विकास पौडेलले संचालन गरेका हुन्। कार्यक्रमको समापन फलफूल तथा तरकारी थोक व्यवसायी संघका अध्यक्ष जयराम पाण्डेले गरे।

सिद्धि विनायकको उद्घोषण तालिम

यस्तैगरी सिद्धि विनायक बचत तथा ऋण सहकारी संस्था लि. (साकोस) ले महिला शेयर सदस्य लक्षित गरेर उद्घोषण तालिम सम्पन्न गरेको छ।

११६औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर आइतबार महिला शेयर सदस्यहरुलाई उद्घोषण तालिम दिइएको संस्थाका अध्यक्ष थिरप्रसाद धितालले जानकारी दिए।

सो अवसरमा अध्यक्ष धितालले संस्थागत गतिविधि बारे प्रकाश पार्दै उद्घोषण तालिमले महिला शेयर सदस्यहरुको क्षमता अभिवृद्धि तथा बोल्ने कलाको विकासमा जोड पुग्ने बताए।

तालिमले महिला शेयर सदस्यहरु लाभान्वित हुने आगामी दिनमा यसलाई निरन्तरता दिने उनको प्रतिबद्धता थियो।

व्यानर वाचन गरेर उद्घाटन गरिएकोमा कार्यक्रममा संस्थाका उपाध्यक्ष मुकुन्दप्रसाद गौतमले स्वागत मन्तव्य दिएका थिए भने कार्यक्रम संचालन इन्दिरा पन्तले गरिन्।

उद्घोषण तालिमको प्रशिक्षकमा मनोज पन्त र करिश्मा थापा रहेका थिए। तालिममा प्रशिक्षकद्वय पन्त र थापाले सहभागीहरुलाई उद्घोषणको अभ्यासबारे प्रशिक्षण दिएका हुन्।

प्रशिक्षार्थीहरुले एक दिने कार्यक्रम समय कम भएको र आगामी दिनमा समयावधि थप गर्दै पुनः तालिमको व्यवस्थापन गरी दिन माग गरेका थिए। एक सय बढी शेयर सदस्यहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा संस्थाका सचिव जयराम पाण्डे, व्यवस्थापक विकास पौडेल, कोषाध्यक्ष रामप्रसाद घिमिरे, सहसचिव संगीता गौतम, सदस्य इन्दिरा पन्तलगायतको उपस्थिति थियो।

न्यूजप्रवाह साप्ताहिकको खबर अब जस्ताको तस्तै हेर्न तलको लिंक खोल्नुहोस

https://newsprabah.com/e-paper/

## २१ उमेदवारको ...

यसअघि पाँचौं दल बनेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का उमेदवार जगदीश्वर अधिकारीले हलो चुनाव चिन्हमा जम्मा ७०७ मतमात्रै पाए।

विगतका एक निर्वाचन र एक उपनिर्वाचनमा ठूला दल भनिएका नेपाली काङ्ग्रेस र नेकपा एमालेका उमेदवारलाई फराकिलो मतान्तरले पराजित गराएका रवि लामिछानेसहित चितवनका तीनवटै निर्वाचन क्षेत्रमा रास्वपा विजयी भएका छन्। देशैभर रास्वपाप्रतिको भरोसा बढ्दा फागुन २१ अघिका ठूला भनिएका दल खुम्चिएर सानो बनेका छन्। प्रत्यक्षमा आइसकेको तथ्याङ्कअनुसार जाने हो भने समानुपातिक मत गणना नसकिँदै अबको पाँच वर्षका लागि रास्वपा पहिलो राजनीतिक शक्ति बन्ने निश्चित भइसकेको छ।

## रास्वपाको ...

क्षेत्र नं १ मा कुल सदर मत ९१ हजार ८९९ खसेको थियो। सदर मतको १० प्रतिशत पनि प्राप्त गर्न नसकेका नेकपाका पन्तसहित १५ जना उम्मेदवारको जमानत जफत भएको छ। यस क्षेत्रमा एमालेका उम्मेदवार लामाले बल्लतल्ल जमानत जोगाउन सफल भए। जमानत जोगाउनका लागि कम्तीमा नौ हजार १९० मत आवश्यक थियो।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले चितवन-२ मा विजयी भएका छन्। यस क्षेत्रबाट तेस्रोपटक निर्वाचित भएका लामिछानेले ५४ हजार ४०२ मत प्राप्त गरे। यो मत उनले २०८० को उपनिर्वाचनमा पाएको मतभन्दा २२६ ले बढी हो। लामिछानेको निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसकी उम्मेदवार मीनाकुमारी खरेलले १४ हजार ५६४ मत प्राप्त गरिन्।

नेकपा एमालेका उम्मेदवार अस्मिन घिमिरेले ६ हजार ९९२ मत पाए भने नेपाली कम्युनिष्ट पार्टीका प्रताप गुरुङले चार हजार ९६९ मत पाए। यहाँ एमालेका उम्मेदवार घिमिरेसहित २१ जनाको धरौटी जफत भएको छ। कुल सदर मतको १० प्रतिशत पनि ल्याउन नसकेपछि मनोनयन दर्ता गर्दा उनीहरुले राखेको धरौटी जफत भएको हो। यहाँ कुल ८४ हजार २३२ मत सदर भएको थियो।

निर्वाचित भएको प्रमाणपत्र बुझ्दै सभापति लामिछानेले मतदाता र समर्थकहरुलाई धन्यवाद दिए। मत परिणामहरुले रास्वपाप्रति जनलहर देखिएको भन्दै लामिछानेले घन्टीमा भोट हाल्नेको मात्र नभई सिङ्गो देशको जित बनाउने बताए।

'जेनजी सहिदहरुले बगाएको रगतको एउटा थोपा पनि खेर जाने छैन। निजी क्षेत्रको लगानी सुरक्षित र सुनिश्चित गर्न रास्वपाले काम गर्ने छ। विभिन्न पेसामा आबद्ध साथीहरुलाई पनि नआत्तिन र नअलमलिन अनुरोध गर्दछु', उनले भने।

रास्वपाले जारी गरेको चुनावी वाचापत्रअनुसार काम गरिने उनले प्रतिबद्धता जनाएका छन्। नयाँ सरकार बनेको भोलिपल्टबाटै सुशासनको डण्डा चल्ने भन्दै उनले विपक्षीलाई होच्याउने र गाली गर्ने काम नगर्न आग्रह गरे।

यस्तै, चितवन-३ मा रास्वपाकी सोविता गौतम ३८ हजार ६६२ मतान्तरले निर्वाचित भएकी छन्। गौतमले ५९ हजार २७७ मत पाउँदा उनको निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा)की रेनु दाहालले २० हजार ६१५ मत पाइन्। नेपाली कांग्रेसका टेकप्रसाद गुरूङले आठ हजार ३४४ र नेकपा एमालेका शङ्करराज थपलियाले पाँच हजार चार मत प्राप्त गरे। यस क्षेत्रमा कांग्रेस उम्मेदवार गुरूङ र एमाले उम्मेदवार थपलियासहित २१ जनाको धरौटी जफत भएको छ। यस क्षेत्रमा कुल एक लाख ३३ मत खसेकोमा कुल ९६ हजार ६५८ मत सदर भएको थियो।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएकी गौतमले आफूसँग प्रतिस्पर्धा गरेका अन्य उम्मेदवारहरुसँग पनि सहकार्य गर्ने प्रतिबद्धता जनाएकी छन्। 'यो शालिन विद्रोहका लागि चितवन ३ र देशका आम मतदातालाई धेरै-धेरै धन्यवाद', उनले भनिन्, 'देश बनाउने काममा मसँग प्रतिस्पर्धा गर्नुभएका अरु प्रतिस्पर्धी साथीहरुसँग सहकार्यको अपेक्षा पनि गर्दछु।'






## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।**

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** यो सातामा शुभकार्यको चर्चा चल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ।

**वृष** यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। प्रेममा मधुरता छाउला। आँटेको र ताकेको कार्य पुरा होला। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ।

**मिथुन** यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ। रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। साताको अन्त्यमा व्यस्तता बढनुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला।

**कर्कट** यो साता शुभ कार्यको योजना बन्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सेयरको कारोबारमा फाइदा पनि बढन सक्छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।

**सिंह** यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला।

**कन्या** यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढनेछ। साताको मध्यमा सरकारी निकायको भय रहला।

**तुला** यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ। रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। विज्ञान र प्राविधिक कार्य अघि बढनेछ। मान प्रतिष्ठामा वृद्धि होला। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढनेछन्।

**वृश्चिक** यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ। रमणीय र सुखद यात्राको योग छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको अवसर मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु** यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला। मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला। मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ।

**मकर** यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढनेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। मनोरञ्जनमा सहभागिता भइएला।

**कुम्भ** यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मिन** यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ। साताको मध्यमा मानसिक चिन्ता बढनेछ।




**रक्तदान जीवनदान** : महानगर फलफूल तथा तरकारी बजार परिसरमा सिद्धि विनायक बचत तथा ऋण सहकारी संस्था लि. (साकोस), कृषि प्रबर्धन बजार विकास प्रा.लि. र फलफूल तथा तरकारी थोक व्यवसायी संघको संयुक्त रुपमा सोमबार आयोजित खुल्ला रक्तदान कार्यक्रममा सहभागी रक्तदाताहरु । रक्तदानमा ४४ रक्तदाताहरु सहभागी भएका थिए । *तस्विर : विना तामाङ, न्यूजप्रवाह साप्ताहिक ।*

# जनताको मन कामले जितेँ, मतले सकिनँ : रेनु दाहाल

भरतपुर । चितवन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्य पदमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सोबिता गौतमसँग पराजय व्यहोरेकी नेपाली कम्युनिस्ट पार्टी (नेकपा)की नेतृ रेनु दाहालले स्थानीय सरकारप्रमुखमा रहँदा जितेको जनताको मन मतमा भने जित्न नसकेको बताएकी छन् ।

भरतपुर महानगरपालिकाको नेतृत्वमा बसेर करिब नौ वर्ष काम गर्दा विकास निर्माणमा जनताको मन जित्न सके पनि मत जित्न नसकेको उनले बताएकी हुन् । शनिबार सम्पन्न मतगणनापछि विजयी भएकी रास्वपा नेतृ गौतमलाई बधाई दिँदै नेतृ दाहालले आफूले महानगरपालिकामा दोस्रो कार्यकालका लागि १५ महिना बाँकी छँदै सङ्घीय संसद्बाट काम गर्ने योजना बनाए पनि जनताले मतमार्फत रोकिदिएको बताइन् ।

करिब तीन दशक लामो राजनीतिक यात्रामा भरतपुरको विकास, समृद्धि र सुशासनका लागि नौ वर्ष सक्रियरुपमा समर्पित गरेको उल्लेख गर्दै उनले भनिन्, 'भरतपुर महानगरपालिकामा नगरप्रमुखको रुपमा कार्यरत रहँदा विकासका कामलाई अझ प्रभावकारी बनाउन नीतिगत तहमा काम गर्न आवश्यक महसुस गरेकी थिएँ । सोही आधारमा प्रतिनिधिसभा निर्वाचनमा उमेदवारी दिएको हुँ, तर जनताको मत मेरो पक्षमा भएन ।'

दाहालले चुनावी 'लहर'बीच पनि आफूलाई विश्वास गरेर मतदान गर्ने मतदाताप्रति आभार प्रकट गर्दै त्यो विश्वास कहिल्यै नबिर्सने बताइन् । साथै उनले चुनावी अभियानमा सक्रियरुपमा खटिएका नेकपा नेता तथा कार्यकर्ता, समर्थक, शुभेच्छुक, सञ्चारकर्मी र कलाकारप्रति विशेष धन्यवाद व्यक्त गरिन् । परिणाम जे आए पनि चितवनवासीको हकहित, विकास र समृद्धिका लागि आफू निरन्तर साथमा रहने दाहालले उल्लेख गरेकी छन् ।

दाहालले २०७४ को स्थानीय तह निर्वाचनमा मतपत्र च्यातेर चुनाव जितेको आरोप लागे पनि २०७९ मा भएको दोस्रो निर्वाचनमा अत्यधिक मतसहित महानगरपालिका पुनः प्रवेश गरेकी थिइन् । तर, सङ्घीय संसद्मा संविधानसभा सदस्यको रुपमा काम गरिसकेकी उनलाई दुई कार्यकाल भरतपुर महानगरपालिकाको जिम्मेवारी सुम्पिएका चितवनवासीले अबको पाँच वर्ष भने आरामको सास फेर्न दिएका छन् ।

भिजिटिङ कार्ड, बिल प्याड, लेटरहेड लगायत छपाई सम्बन्धी काम गर्नु परेमा ।
सम्पर्क :
९८२७२०१७१४

# घाँसेमैदान व्यवस्थापन गर्न नियन्त्रित डढेलो

भरतपुर । चितवन राष्ट्रिय निकुञ्जभित्र घाँसे मैदान व्यवस्थापन गर्न नियन्त्रित डढेलो लगाउन सुरू गरिएको छ । वर्षायाममा घाँसे मैदानमा बढेका ढड्डी घाँस, अतिक्रमित झार फैलिन नदिई नियन्त्रित डढेलो लगाउन सुरू गरिएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार निकुञ्जका घाँसे मैदानमा प्रत्येक वर्ष नियन्त्रित डढेलो लगाउने गरिन्छ । हाल भिम्ले, सुखीभार र कसरा क्षेत्रमा नियन्त्रित डढेलो लगाउन सुरू गरिएको उनले जानकारी दिए । क्रमशः अन्य क्षेत्रहरुमा नियन्तित्र डढेलो लगाइनेछ ।

उक्त कार्यका लागि निकुञ्जका ३० जना कर्मचारी खटिएका छन् । सूचना अधिकारी मगरले भने, "नियन्त्रित डढेलो लगाएपछि ठूलो डढेलोको सम्भावना टर्छ ।" यसले वन र वन्यजन्तुमा ठूलो असर नपर्ने र घाँसे मैदान व्यवस्थापनमा सहयोग पुग्ने उनले बताए ।

नियन्त्रित डढेलो लगाउन निकुञ्जका घाँसे मैदानमा एक महिना लाग्ने उनले जानकारी दिए । घाँसे मैदानलाई खण्ड खण्ड बनाएर डढेलो लगाइन्छ ।

## भरतपुर महानगरपालिका
## नगर कार्यपालिका कार्यालय
भरतपुर, चितवन

## सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो । महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ । यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ । अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**

बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.
भरतपुर, चितवन, मो. ९८४५०६७४१४
हाम्रा सेवाहरू :
ना ४२ प १९९७
नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन
यहाँ नम्बर प्लेट बनाइन्छ ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।

फोन : ९८४६४७५३४१
९८४६८५२९१५
गोरखा फेन्सी
भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ ।

"तपाईको सेवामा, आजै कल गर्नुहोस्"



चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरू नेपालको जुनसुकै ठाउँमा चाहिएमा ।
गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था ।
चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा ।
सम्पर्क : ९८२७२०१७१४